# सङ्खुवासभा जिल्ला अदालत

फोन नं. ०२९-५७०१९५, ५७०१९६
फ्याक्स ०२९-५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np
admin.dcsankhuwasabha@supremecourt.gov.np
कोशी प्रदेश नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नम्बरः

मिति २०८०/०८/२१

सूचना। सूचना।। सूचना।।।

यस अदालतको मिति २०७९/०९/०८ गतेको निर्णयानुसार सोही मितिबाट लागू हुनेगरी १ वर्ष (२०८० पौष ७ गते) सम्मका लागि यस अदालतको वैतनिक कानून ब्यवसायी पदमा नियुक्ति दिइएकोमा उक्त म्याद समाप्त हुन लागेकोले उक्त रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा यस अदालतको मिति २०८०/०८/२१ गतेको निर्णयानुसार जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१ बमोजिम स्वस्थ प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्नुपर्ने भएकाले निम्न सेवा सर्तमा रहन चाहने योग्यता पुगेका इच्छुक कानून ब्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रु. १०।– को रसिद साथै राखी यस अदालतमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. पदः वैतनिक कानून व्यवसायी
२. सङ्ख्याः १ (एक)
३. अवधिः १ (एक) वर्ष
४. मासिक तलवः रा.प.तृतीय श्रेणीको अधिकृतले पाउने न्यूनतम मासिक पारीश्रमिक (सुरु स्केल)
५. संलग्न हुनुपर्ने कागजातहरूः-
   क) कानूनमा स्नातक/ स्नातकोत्तरको प्रमाणपत्रको प्रतिलिपि,
   ख) अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि,
   ग) सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपि।
६. सम्पर्क मितिः २०८०/०९/०८ गते
७. छनोटको किसिमः अन्तरवार्ता र तोकिएका अन्य आधारमा हुने।
८. अन्तरवार्ता मितिः सम्पर्क मितिमा तोकिने।
९. काम गर्नुपर्ने स्थानः सङ्खुवासभा जिल्ला अदालत चैनपुर, जिल्लास्थित न्यायिक समिति तथा अर्धन्यायिक निकायहरूसमेत।
१०. गर्नुपर्ने कामः जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ तथा वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका सर्तसम्बन्धी निर्देशिका, २०७६ मा तोकिएबमोजिम र अदालतले तोकेबमोजिमका अन्य कामहरू।
११. नियुक्ति लिन आउनुपर्ने अवधिः नियुक्तिका लागि छनोट भएका उम्मेदवारले छनोट भएको ७ दिनभित्र नियुक्ति लिन आउनु पर्ने।

....................
(रामचन्द्र के.सी.)
स्रेस्तेदार (उपसचिव)